# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, वैशाख १ गते २०४२ साल (अतिरिक्ताङ्क १ (ख)

## भाग ३

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

देहायका मितिका नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना-बमोजिम गठित देहायका जिल्ला वनक्षेत्र सुदृढीकरणसम्बन्धी विशेष अदालतहरू विघटन गरिएका छन् ।

१. खण्ड ३२ मिति २०३९।१।७ अतिरिक्ताङ्क २, खण्ड ३२ मिति २०३९।८।७ संख्या ३१ र खण्ड ३३ मिति २०४०।७।२३ अतिरिक्ताङ्क ४० (क) का सूचनाहरूद्वारा गठित बाँके बर्दियासम्बन्धी विशेष अदालतहरू ।

२. खण्ड ३२ मिति २०३९।१।७ अतिरिक्ताङ्क २ का सूचनाद्वारा गठित मोरङ सुनसरी, नवलपरासी, रूपन्देही, कपिलवस्तु र झापा विशेष अदालतहरू ।

३. खण्ड ३१ मिति २०३८।१२।२ संख्या ४८ को सूचनाद्वारा गठित कैलाली कन्चनपुर-सम्बन्धी विशेष अदालतहरू ।

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।